# काठमाण्डौ मेडिकल कलेज पब्लिक लिमिटेडको

## १२ औं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

शेयरधनी महानुभावहरु,

मिति २०७८।०८।२८ गते मंगलबार बसेको यस कम्पनीको सञ्चालक समितिको २२१ औं बैठकको निर्णयानुसार कम्पनीको १२ औं साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न प्रस्तावमा छलफल र निर्णय गर्नका लागि भिडियो कन्फरेन्स (Virtual Zoom Meeting) मार्फत बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरु स्वयं वा रितपूर्वकको प्रतिनिधिद्धारा Virtual माध्यमबाट उपस्थित हुन जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मिति, स्थान र समयः**

मितिः २०७८ साल पौष २८ गते बुधवार

स्थानः कम्पनीको केन्द्रिय कार्यालय, सिनामंगल, काठमाण्डौ (सभामा सहभागी हुन चाहने महानुभावलाई Meeting ID/ Password उपलब्ध गराईने छ)

समयः विहान ११ बजे ।

छलफलका विषयहरुः

१.सामान्य प्रस्ताव :

१.१ सञ्चालक समितिको तर्फबाट कार्यकारी अध्यक्षज्यूद्धारा पेश हुने कम्पनीको आ.व.०७७।०७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

१.२ कम्पनीको आ.व.०७७।०७८ को लेखा परिक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सोसँग सम्बन्धित अनूसुचीहरु पारित गर्ने ।

१.३ कम्पनीको आ.व.२०७८/२०७९ को लेखा परिक्षण गर्नका लागि लेखापरिक्षण समितिको सिफारिस बमोजिम लेखा परिक्षकको नियुक्ति गरी निजको पारिश्रमिक तोक्ने ।

१.४ सञ्चालक समितिबाट प्रस्ताव भए बमोजिम कम्पनीको हालको चुक्ता पुंजीको २.९६ प्रतिशतका (कर सहित) दरले शेयरधनीहरुलाई नगद लाभांस वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**२. विशेष प्रस्ताव :-**

२.१ कम्पनीको प्रबन्धपत्र एवं नियमावली संशोधनको प्रस्ताव उपर छलफल गरी पारीत गर्ने ।

**३. विविध ।**

Virtual माध्यमबाट साधारण सभा सम्बन्धी जानकारी

१. कोभिड १९ को महामारीको प्रभाव हाल पनि कायम रहेको कारण नेपाल सरकारले जारी गरेको स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरि सभा सम्पन्न गर्नु पर्ने विशेष परिस्थितिका कारणले गर्दा शेयरधनी महानुभावहरुलाई *Virtual* माध्यमबाट सभामा उपस्थितीको निमित्त हार्दिक अनुरोध छ ।

२. *Virtual* माध्यमबाट उपस्थित भएका शेयरधनीहरुलाई सभा हलमा उपस्थित भए सरह मान्यता दिइने व्यहोरा समेत जानकारी गराउदछौं । उपस्थित गणपुरक संख्या सभा सञ्चालनको निमित्त निर्दिष्ट संख्या अनुसार पर्याप्त भएमा मात्र सभा सञ्चालन हुने छ ।

३. Virtual माध्यमबाट उपस्थित शेयरधनी तथा शेयरधनीको रितपूर्वकको प्रतिनिधिहरुको हाजिर निजहरुले गरेको Log-In मार्फत सबैका Log-In भएको देखिने गरि प्रमाणको निमित्त फोटो खिचेर राखिने छ साथै सभा सञ्चालन अवधिभरिको Video Recording गरिने छ ।

४. मिटिङ्ग ID र Password को निमित्त कम्पनीको mail ID: info@kmc.edu.np मा समयमै सम्पर्क गरि प्राप्त गर्न सकिने व्यवस्था गरिएको जानकारी गराउदछौं । साथै अन्तिम समयमा सम्पर्क गर्दा शेयरधनीको पहिचान Verification गरि ID र Password समयमै पठाउन आइपर्न सक्ने प्राविधिक कठिनाईबाट बच्न कम्तीमा १ दिन अगावै ID र Password लिन समेत अनुरोध छ । साथै सोहि email address मा साधारण सभाको प्रतिवेदन समेत पठाइने छ ।

५. Virtual माध्यमबाट आफ्नो मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले कम्तीमा २ दिन अगावै कम्पनी सचिव वा कम्पनीको आधिकारिक Email: info@kmc.edu.np मा सम्पर्क गरि नाम टिपोट गराउन हुन अनुरोध छ ।

६. मिति २०७८/०८/२८ गते देखि २०७८/०९/२८ गते सम्म कम्पनीको शेयर दाखिल खारेज बन्द गरिनेछ । साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७८/०८/२७ गते सम्म ओ.टि.सि. कारोवार भई यस कम्पनीको शेयर दाखिल खारेजका लागि प्राप्त हुन आएका शेयरधनी महानुभावहरुलाई यस साधारण सभाको प्रयोजनको लागि शेयरधनी कायम गरिनेछ ।

७. साधारण सभाको सूचना र आर्थिक विवरण शेयरधनीको दर्ता किताबमा कायम रहेको झबर्ष ठेगानामा पठाइनेछ र यस कम्पनीको शेयर रजिष्ट्रार कम्पनीको website: www.kmc.edu.np मा साधारण सभा हुने मिति भन्दा अगावै राखिने छ ।

८. प्रोक्सी दिने शेयरधनीले सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै रितपूर्वकको प्रतिनिधि पत्र (प्रोक्सी) कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता भएकोलाई मान्यता दिईनेछ । प्रोक्सी सम्बन्धी अन्य व्यवस्थाहरु विद्यमान कम्पनी ऐन र कम्पनीको नियमावली अनुरुप हुनेछ ।

९. साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, सिनामंगल काठमाडौंमा (कम्पनी सचिवको सचिवालय कार्यालय) मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

सञ्चालक समितिको आज्ञाले

कम्पनी सचिव